# जिल्ला विकास समितिको कार्यालय, कैलालीको

## पूर्व योजना तर्जुमा गोष्ठी सम्बन्धी सूचना

मिति २०७२/८/९ गते विहान ११.०० बजे जि.वि.स. सभाहलमा हुने आ.व. ०७३/७४ को वार्षिक जिल्ला विकास योजना निर्माणको लागी पूर्व योजना तर्जुमा गोष्ठी आयोजना हुने भएको हुँदा जिल्ला स्थित राजनीतिक दल, विषयगत कार्यालय, गै.स.स., गा.वि.स./न.पा.हरुलाई उपस्थितीका लागी अनुरोध गरिन्छ । साथै हालसम्म नेपाल सरकारबाट मार्गदर्शन तथा वजेट सिमा प्राप्त नभएको हुंदा आ.व. ०७२/७३ को सिलिङ्गलाई नै आधार मानी १० प्रतिशत थप गरि आ.व. ०७३/७४ को कार्यक्रम र वजेट निम्न उल्लेखित बुंढाहरुलाई प्राथमिकताका साथ मध्यनजर गरि तयार गर्न हुन जानकारी गराईन्छ र योजना छनौट गर्दा तपसिल बमोजिमका सूचकहरुलाई आधार बनाई योजनाको प्राथमिकता निर्धारण गर्न हुन अनुरोध गरिन्छ ।

तपसिल

**१) गाविस/न.पा.ले योजना तर्जुमा गर्दा देहाय वमोजिमका आयोजनाहरुलाई प्रथमिकता दिनु पर्नेछ :**

(क) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

(ख) गाविसन.पा.का जनताहरुको जिवनस्तर, आम्दानी र रोजगार बढाउने तथा प्रत्यक्ष लाभ हुने र गरीवी निवारणमा सहयोग पुऱ्याउने ।

(ग) कम लागत तथा वढी जनसहभागितामा संचालन हुने ।

(घ) स्थानीय साधन, स्रोत तथा सीपवाट संचालन हुने ।

(ङ) पिछडिएका वर्ग तथा महिला वर्ग र वालवालिकालाई प्रत्यक्ष लाभ हुने ।

(च) वातावरणिय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने ।

(छ) कमागत एवं अधुरा रहेका आयोजनाहरु तथा थोरै रकममा मर्मत सम्भार गरि पुनः संचालनमा ल्याउन सकिने आयोजनाहरु ।

(ज) सामाजिक परिचालनको माध्यमवाट पहिचान गरिएका लक्षित समुहका मांगलाई सम्वोधन गरिने विषयहरु ।

(झ) स्थानी श्रम,सीप, साधनर प्रविधि प्रयोगहुने प्रकृतिका तथा तत्काल रोजगार सृजन गर्ने तथा एवं आय आर्जनमा वढावा दिने विषयहरु ।

(ञ) प्रतिस्पर्धात्मक तथा तुल्नात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन हुने कृषि र गैर कृषि क्षेत्रका कार्यक्रम/आयोजनाहरु ।

(ट) नगरपालिका को आन्तरिक आय वृद्धि गर्ने कार्यक्रमहरु ।

(ठ) समान प्रकृतिका आयोजनाहरुमध्ये बढी जनसहभागिता एवं लागतसहभागिता जुटाउन सकिने आयोजनाहरु ।

**(२) न.पा.ले वार्षिक योजना तर्जुमा गर्दा निम्न कुरालाई आधार लिनु पर्ने छ :**

(क) राष्ट्रिय विकास नीति सम्वन्धमा जिल्ला विकास समितिबाट प्राप्त निर्देशनहरु ।

(ख) आवधिक योजनाले परिलक्षित गरेका समष्टिगत आवश्यकताहरु ।

**(३) विशेष गरि गाउं विकास समितिले स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ४३ को उपदफा (३) र (६) नगरपालिकाले ऐनको दफा १११ को उफदफा (४) र स्थानीय नियकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ अनुसार गर्ने ।**

स्थानीय विकास अधिकारी

स्थानीय विकास अधिकारी

फो.नं. ०९१-५२१६०७, ५२४७४७, ५२०९८०, ५२२५६० फ्याक्स नं. ०९१-२१९१०
इ-मेलः-info@ddckailali.gov.np, ddckailali@gmail.com, Website:- www.ddckailali.gov.np